अजयमेरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०१ संख्याः ०८ मितिः २०७५/०१/३१

**भाग-२**

## अजयमेरु गाउँपालिका

### विपत ब्यवस्थापन कोष नियमावली, २०७४

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी अजयमेरु गाउँपालिकाको **विपत ब्यवस्थापन कोष को** प्रयोगलाइ ब्यवस्थीत गर्नका लागि मिति २०७४/०५/२५ को निर्णयानुसार देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम **विपत ब्यवस्थापन कोष** नियमावली, २०७४ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) “अध्यक्ष” भन्नाले अजयमेरु गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले अजयमेरु गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले अजयमेरु गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) “कार्यकारी अधिकृत” भन्नाले अजयमेरु गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले अजयमेरु गाउँपालिका सम्झनुपर्छ ।

(च) कडा रोग भन्नाले मुटु , मृगौला र क्यान्सर रोग सम्झनुपर्छ ।

३ . कोषको स्थापना: (१) विपत ब्यवस्थापन कोष नामको एक कोष स्थापना गरीयको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देदायका रकम रहनेछन ।

(क) गाउपालिका वाट विनियोजित रकम

(ख) वडा कार्यालयवाट विपत ब्यवस्थापनमा छुट्टायको रकम ।

(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

४.कोषको प्रयोग :(१) कोषमा जम्मा भएको रकम देहाय बमोजिको कार्यमा खर्च गरीनेछ ।

(क) विपतको कारणवाट अति प्रभावीत ब्यक्तिहरुलाइ सहायता गर्ने ।

(ख विपतको कारणवाट देहावसान भएका ब्यक्तिको काजक्रिया वा सदगतका लागी मृतकका आफन्तका लागी सहायत गर्ने ।

(ग) गम्भीर विरामी भइ वा कडा रोग लागेर औषधी उपचार गराउन नसकेका गाउापालिका भित्रका ख्यातिप्राप्त ब्यक्तिको औषधोउपचाारमा सहायता गर्ने

(घ) कडा रोग लागेर औषधी उपचार गराउन नसकेका

(ङ) आर्थिक अवस्था दयनिय भनी वडा कार्यालयवाट सिफारीस आएका , औषधी उपचार गर्न नसकेका ब्यक्तिलाइ औषधी उपचार गर्ने आउने जाने खर्च सहायता गर्ने ।

५. कोषको रकम खर्च गर्ने : (१)कोषवाट रकम खर्च गर्दा गाउँपालिका अध्यक्षले तोके मोजिमको रकम खर्च गर्न सकिने छ ।

(२) उपनियम १ बमोजिम तोकिएको रकम रु ५००० भन्दा वढि तोक्न सकिने छैन , रु ५००० भन्दा वढि खर्च गर्न कार्यपालिकाले निणर्य गर्नुपर्नेछ

६. कोष ब्यवस्था र संचालन :(१) यस नियमावलि बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त क वर्गको बैकमा खाता खोलिने छ ।

(२) उपनियम (१) वमोजिम खाताको संचालन कार्यकारी अधिकृत र गाउँकार्यपालिकाको कार्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

७. खारेजी :

आज्ञाले,

खेम राज पौडेल

प्रमुख प्रशासकीय अधिकृत